जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक १११ | २०८२ साल मंसिर १२ गते शुक्रबार (28 Nov 2025 Friday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जेनजी आन्दोलनका सहिद.. ३ पृष्ठमा : द्वन्द्व दोहोरिने विषय ... ३ पृष्ठमा :फ्रान्सले स्वैच्छिक सैन्य सेवा...

## श्रमिक-कर्मचारीको सामाजिक सुरक्षालाई बोझका रूपमा नलिन प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, ११ मङ्सिर (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले आफ्ना श्रमिक-कर्मचारीको सामाजिक सुरक्षालाई बोझको रूपमा नलिन निजी क्षेत्रसँग आग्रह गर्नुभएको छ। आठौं सामाजिक सुरक्षा दिवसका अवसरमा बिहीवार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले श्रमिकको सामाजिक सुरक्षालाई शानको रूपमा लिन अनुरोध गर्नुभयो।



परिपूर्ण सामाजिक सुरक्षाबिना सामाजिक न्याय सम्भव नहुने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल जस्तो मुलुकमा सामाजिक सुरक्षा अन्तरपुस्ता लागत सन्तुलन र समतामूलक बनाउन योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने बताउनुभयो। "यसको सफल कार्यान्वयनबाट नै हुनेले नहुनेलाई, धनीले गरिबलाई, निरोगीले रोगीलाई प्रणालीबद्ध रूपले सहयोग गर्ने सामाजिक ऐक्यबद्धताको सिद्धान्तमा आधारित उत्पादनमूलक समाजको निर्माण हुने रहेछ", उहाँले भन्नुभयो।

एकीकृत, दिगो र सक्षम सामाजिक सुरक्षा प्रणाली निर्माण गर्न सरोकारवालाबाट उठान भएका विषय सम्बोधन गर्न छलफल भइरहेको उहाँले जानकारी दिनुभयो। "औपचारिक क्षेत्रको अनिवार्य आबद्धताको कार्यान्वयन, अनौपचारिक क्षेत्रका श्रमिकलाई कानुनी रूपमा गर्नुपर्ने सह-योगदानमा सङ्घीय सरकारले कति गर्ने, सरकारी संयन्त्रअन्तर्गत करारमा रहेका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध भएको महसुस कसरी गराउनेलगायत विषय सम्बोधन हुने विश्वास दिलाउँछु", उहाँले भन्नुभयो।

दिन प्रतिदिन आकार बढ्दै गएको सामाजिक सुरक्षा कोषलाई राष्ट्र निर्माणमा कसरी उपयोग गर्ने भन्ने सन्दर्भमा पनि गृहकार्य हुन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले प्रत्येक श्रमिक र रोजगारदाताले जम्मा गरेको रकम सार्थक परिणाम दिने क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिनुभयो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णहरि पुस्करले श्रमिक-कर्मचारीका पक्षमा कोष स्थापना भएको स्पष्ट गर्दै सामाजिक सुरक्षा योजनामा आबद्धता वृद्धि र निरन्तरता तथा जनचेतना अभिवृद्धि गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिङ्खडाले सामाजिक सुरक्षा योजनालाई अझ परिष्कृत गर्दै योगदानकर्तामैत्री बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो। सामाजिक सुरक्षा योजनाको पूर्णकार्यान्वयन नहुँदा आमश्रमिक सामाजिक सुरक्षाबाट वञ्चित हुँदै आएको उल्लेख गर्दै अध्यक्ष सिङ्खडाले अनौपचारिक क्षेत्रका श्रमिकको योगदान रकममा साझेदारी गर्न सरकार तयार

*बाँकी तीन पृष्ठमा*

## दुई जना फरार अभियुक्त पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले अदालतबाट कैद सजाय तोकी फरार रहेका नकवजनी चोरी मुद्दाका दुई जना फरार प्रतिवादी पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको बोदेबरसाईन नगरपालिका वडा नम्बर ५ का शितल मण्डल र राजन कुमार साह छन्।

उनीहरुलाई गोप्य सूचनाको आधारमा बिहीबार जिल्ला प्रहरी कार्यालय तथा

*बाँकी तीन पृष्ठमा*

## अदालतलाई कम्प्युटर र प्रिन्टर सहयोग




**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर।**

सप्तरी जिल्ला अदालतलाई एक सहकारी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत कम्प्युटर र प्रिन्टर सहयोग गरेको छ।

नेपाल सहकारी संस्था लिमिटेड राजविराजले बिहीबार सप्तरी जिल्ला अदालतलाई १ थान कम्प्युटर र १ थान प्रिन्टर सहयोग गरेको हो।

कार्यालयको कामलाई थप सहज बनाउने उद्देश्यका साथ कम्प्युटर र प्रिन्टर उपलब्ध गराइएको उक्त सहकारी संग आवद्ध रन्धिर कर्णले बताए। उनले सानै सहयोग भए पनि अदालतको डिजिटल सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र सेवाग्राहीले छिटो र सहज न्यायिक सेवा पाउने विश्वासका साथ उक्त सामग्री

*बाँकी तीन पृष्ठमा*

## पूर्वसभामुख महरा २० लाख धरौटीमा रिहा

काठमाडौँ, ११ मङ्सिर (रासस)।

उच्च अदालत पाटनले भेपमार्फत सुन तस्करी गरेको आरोप लागेका पूर्वसभामुख कृष्णबहादुर महरालाई रु २० लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय अर्जुनप्रसाद कोइराला र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको संयुक्त इजलासले उक्त आदेश दिएको हो। महरालाई गत असोज अन्तिम साता नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले पक्राउ गरेको थियो। पूर्वसभामुख महराविरुद्ध भेपमार्फत सुन तस्करी गरेको आरोप लागेको थियो।

"तत्काल प्रमाणहरूको आधारमा प्रतिवादीलाई थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था नदेखिएको अवस्थामा अदालतबाट थुनामा राख्ने गरी भएको असोज २९ गतेको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ", उच्च अदालत पाटनले बिहीवार गरेको आदेशमा भनिएको छ।

## वीरगञ्ज महानगरद्वारा चालु आवको चार महिनामा २१ करोड तीन लाख राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा), ११ मङ्सिर (रासस)।

वीरगञ्ज महानगरले चालु आर्थिक वर्षको चार महिनामा रु २१ करोड तीन लाख ९६ हजार ४०८ रकम राजस्व सङ्कलन गरेको छ। महानगरले सो अवधिमा सम्पत्ति करतर्फ रु सात करोड ५६ लाख रकम सङ्कलन गरेको हो।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले महानगरले राजस्व बढाउनेतर्फ जनचेतना अभिवृद्धि गर्दै आइरहेको दावी गर्नुभयो "महानगरको राजस्व अभिवृद्धि गर्नका लागि जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेका छौँ। यद्यपी अहिले पनि अपेक्षाकृत ढङ्गले राजस्व भने सङ्कलन हुन सकिरहेको छैन," उहाँले भन्नुभयो, "यहाँका जनतामा स्थानीय सरकारलाई कर तिर्नुपर्छ भन्ने जागरणको अभावको कारणले पनि समस्या भइरहेको छ।"

महानगरले चालु आवको चार महिनामा भूमिगत/मालपोत करतर्फ ३७ लाख ६७ हजार ९८० राजस्व सङ्कलन गरेको छ। त्यस्तै घरवहाल करतर्फ भने रु एक करोड ६० लाख ८६ हजार रकम उठाएको छ। त्यस्तै पूर्वाधार सेवाको उपयोगमा लाग्ने करतर्फ भने रु दुई करोड राजस्व सङ्कलन

*बाँकी तीन पृष्ठमा*

**मानवअधिकारको सम्मान गरौं।**

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्वन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्वन्धित निकायमा उजुरी गरौं।

मानवअधिकारप्रति सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# विषादी परिक्षण कहिले ?

बैमोसमी तरकारीको बजारमा विगबिगी छ। केही बर्ष अघि सम्म बजारमा दर्शन पनि दुर्लभ हुने हरियो तरकारी अहिले बजारमा छ्यापछ्याप्ति पाइन्छ। बाह्रै महिना काउली, भान्टा जस्ता अनेकौं बैमोसमी हरियो तरकारी उपलब्ध भईरहेको अवस्था छ तर, के त्यो मानिसले खाने योग्य हो वा होईन भने त्यसको कुनै प्रमाणिकता छैन्।

सप्तरीमा बाह्रै महिना भारतबाट आलु, प्याज, सहित सबै प्रकारका तरकारी आयात हुँदै आएका छन्। त्यस संगै स्याउ, मेवा र सुन्तला जस्ता फलफुल पनि भारतबाट आयात हुदै आएको अवस्था छ।

तर, यसरी नेपाल भित्रिएको तरकारी, फलफुल खान लायक छ वा छैन त्यसको बारेमा आम उपभोक्ता अन्यौलमा छन् भने चेक जाँच गर्ने निकाय पनि कानमा तेल हालेर सुतेको अवस्थामा छ।

केही दिन अघि मात्रै महोत्तरीमा काउलीमा आवश्यकता भन्दाबढी विषादी मिसाएको पाइएकोले ती सबै काउली नष्ट भएको समाचार सार्वजनिक भएको थियो। यो एउटा अपवाद जस्तै हो।

दैनिक रुपमा आवश्यकता भन्दा भन्दी विषादी मिसिएको साग सब्जी, हरियो तरकारी, फलफुल खान यहाँको आम नागरिक बाध्य भएपनि त्यतातिर सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन्। मनमानी मुल्यमा सब्जी बजार चलिरहेको तिर कसैको ध्यान पुग्न सकेको छैन् भने ढक तराजुको सट्टा अहिले पनि तराजुमा ढुङ्गा राखेर तौल गरी सामान बेच्ने परिपाटी कायमै छ।

यी बेथितिहरुलाई नियन्त्रण गर्न सरोकारबाला नियकायहरुले अविलम्ब ध्यान दिनु जरुरी छ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# जेनजी आन्दोलनका सहिदः कहिल्यै भरिने छैन भट्ट परिवारको रिक्तता

**- बुनु थारु**

काठमाडौँ, ११ मङ्सिर (रासस)।

कीर्तिपुर पाँगा दोबाटोस्थित माइक्रोपार्कसँगै जोडिएको घरबाटभित्र छिर्ने साँघुरो गल्ली छ। थोरै मात्र अघि बढ्ने हो भने एउटा सानो होटल देखिन्छ। शनिबार बिहान १० बजेतिर पुग्दा केही ग्राहक यहीँ बसेर चियाको चुस्की लिइरहेका थिए। गोर्खाली होटल भनेर चिनिने यो होटलमा दुई वटा टेबल र चार वटा बेन्च छन्। एकातिर दिउरेमा चिया उम्लिरहेको छ, अर्कोतिर प्रेसरकुकरमा खानाको सिटी लाग्दैछ। होटलमा व्यस्त हुनुहुन्छ, जानुका भट्ट।

भित्तामा मुसुक्क हाँसिरहेको युवकको तस्बिर टाँगिएको छ, दुई वटा फ्रेममा। उहाँ हुनुहुन्छ, २८ वर्षीय अर्जुन भट्ट। जेनजी आन्दोलनका सहिद। वैदेशिक रोजगारीका लागि उहाँले देश छाडेको १६ महिना मात्रै हुँदै थियो। दुबईको अत्यधिक गर्मी र कामको चापका कारण त्यहाँ टिक्न सक्नुभएन र फर्किनुभयो गत असारमा।

दुबईबाट फर्किएको केही समयपछि उहाँको जन्मदिन थियो, असार १७ गते। साथीभाइलाई बोलाएर भव्य जन्मदिन मनाउनुभयो। हँसिलो स्वभावका उहाँ परिवारका साथै साथीभाइका लागि निकै प्यारो हुनुहुन्थो। "सबै उमेर समूहसँग उहाँ चाँडै घुलमिल हुन्थ्यो। साथीहरू पनि धेरै थिए उसका," आमा जानुका भन्नुहुन्छ।

करिब सात वर्षअघि जन्मदिनमा साथीहरू मिलेर उपहारस्वरूप खैरो कुकुर अर्जुनलाई दिएका थिए। उसको नाम अर्जुनले नै राख्नुभएको थियो, लिची। अर्जुनसँगै बढी झ्याम्मिन्थ्यो। खेल्थ्यो, रमाउँथ्यो अनि काखमा लुटुपुटु गर्थ्यो। अहिले लिची पनि उदास झैँ देखिन्छ। उसलाई धेरै माया गर्ने अर्जुन यो संसारमा हुनुहुन्न। बेलाबेला बाहिरतिर कसैलाई हेरिरहेको हुन्छ। लाग्छ, यो निर्दोष प्राणी अर्जुनकै प्रतीक्षामा छ।

स्नातकसम्म अध्ययन गर्नुभएका अर्जुनले फर्केर पढाइलाई निरन्तरता दिन सक्नुभएन। न त यहाँ भनेजस्तो रोजगारी नै पाउनुभयो। उहाँका एकजना दाइ अभिलाख यहीँ हुनुहुन्छ भने एक दिदी विवाहपछि श्रीमान्सँग जापानमै बस्नुहुन्छ। दिदीले भन्नुभएको थियो, "दुबईभन्दा जापान राम्रो छ भाइ, पहिले राम्ररी भाषा सिक्नु र आउनु।"

दिदीको प्रस्ताव र परिवारको साथले उहाँ उत्साहित हुनुभयो। जापानी भाषा अध्ययनतिर लाग्नुभयो र भाषा परीक्षामा उत्तीर्ण पनि हुनुभयो। परिवारका अनुसार आउँदो फागुनमा उहाँ बिहे गर्ने सोचमा पनि हुनुहुन्थ्यो।

**२५ वर्षअघि राजधानी छिरेको थियो भट्ट परिवार**

अर्जुनको मूल घर गोरखाको गण्डकी गाउँपालिका(४ फुजेल हो। गाउँमा भट्ट परिवारको आफ्नै खेतीपाती थियो। बस्तुभाउ थिए। छरछिमेक, आफन्त र गाउँको वातावरणमा रमिरहेका उहाँहरूलाई नपुग्दो केही थिएन। तर छोराछोरीको भविष्य सम्झेर राजधानी आएको बताउनुहुन्छ, बुबा चित्रबहादुर। "आफू हुर्केको गाउँ छाडेर बिरानो शहर छिर्न मन थिएन तर छोराछोरीको शिक्षादीक्षा र भविष्य राम्रो हुन्छ कि भनेर यता आइपुग्यौँ," उहाँ भन्नुहुन्छ।

विसं २०५७ सालमा परिवारसहित काठमाडौँ छिर्नुभएका चित्रबहादुरले केसम्म गर्नुभएन। तरकारी बेच्नुभयो, कीर्तिपुरस्थित एक विद्यालयमा कार्यालय सहायकका रूपमा काम गर्नुभयो, पछि होटल व्यवसाय सुरु गर्नुभयो। आजभन्दा २५ वर्षअगाडि सपनाको शहर छिरेको भट्ट परिवारका सुरुआती दिन निकै कहरिला थिए, जतिबेला अर्जुन मात्र तीन वर्षको हुनुहुन्थ्यो।

**कालिमाटीबाट आएको त्यो खबर**

जेनजीहरूले गर्ने भनेको आन्दोलनमा सहभागी हुनेबारे अर्जुनले परिवारसँग पनि कुरा गर्नुभएको थियो। "२८ वर्ष उमेरसम्मका युवाहरूको आन्दोलन हो, देश परिवर्तनका लागि हामी पनि जानुपर्छ" भनेर पटकपटक उहाँ कुरा गर्नुहुन्थ्यो।

गत भदौ २३ गते बिहानै उहाँ घरमा बुबा(आमालाई भनेर नै साथीहरूसँग आन्दोलनमा सरिक हुनुभयो। राजनीतिक बेथिति र भ्रष्टाचारविरुद्ध माइतीघरबाट सुरु भएको आन्दोलन बानेश्वर पुगेपछि त्यसले अर्कै रूप लियो। प्रहरीले पानीको फोहोरा र अश्रुग्यास मात्रै होइन, गोली नै बर्साउन थाल्यो। बेलुकासम्म काठमाडौँमा मात्रै २१ जनाले ज्यान गुमाएका थिए, जसमा अर्जुनसँगै कीर्तिपुरबाट जानुभएको उहाँकै साथी पनि हुनुहुन्थ्यो।

ठूलो सङ्ख्यामा हताहती भएपछि सर्वत्र आक्रोश थियो। आफ्नै साथी मारिएपछि अर्जुन पनि बेचैन हुनुहुन्थ्यो। भोलिपल्ट कीर्तिपुरका साथीहरू भेला भएर जाने निर्णय गरिसक्नुभएको रहेछ। आमा जानुकाले पटकपटक 'नजा बाबु' भनेर रोक्न खोज्नुभयो। तर किशोर वयको उर्लिंदो जोसलाई कसले रोक्न सक्ने ? उहाँ साथीसँगै कीर्तिपुरबाट हिँड्नुभयो। "एक घण्टामा आइपुगिहाल्छु भनेर पकाएको खाना पनि नखाई निस्किएको थियो," जानुका सुनाउनुहुन्छ।

अघिल्लो बेलुकादेखि नै काठमाडौँमा कर्फ्यु जारी भएकाले सर्वत्र सन्त्रास थियो। अर्जुन निस्किने बेला पनि छतमा उभिएर आमा हेरिरहनुभएको थियो। काँधमा नेपालको झण्डा ओढेर अर्जुन साथीहरूसँग अघि बढिरहनुभएको थियो। टोलीमा उहाँका दाइ अभिलाख पनि हुनुहुन्थ्यो।

अर्जुन २४ भदौ गते दिउँसो घरबाट निस्कँदा करिब १ बजेको थियो। त्यसको एक घण्टापछि नै घरमा फोन आयो, नमीठो र अपत्यारिलो खबर लिएर। "कालीमाटीमा भएको प्रदर्शनमा अर्जुनको टाउकामा गोली लाग्यो" भन्ने सुन्नासाथ जानुकालाई भन्नुभयो। शरीर चिसो भएर आयो। अर्धबेहोस अवस्थामै अस्पताल जान खोज्नुभयो तर कर्फ्युका कारण गाडी चलेको थिएन।

उहाँलाई छोरालाई भेट्ने तीव्र इच्छा भएपछि छोराको साथीले स्कुटीमा राखेर बल्खुस्थित बयोधा अस्पताल पुऱ्याए। अस्पतालमा भीड थियो। उहाँलाई आफ्नै छोरालाई पनि हेर्न दिइएन। "म पनि भाइसँगै कालिमाटी गएको थिएँ, गोली लाग्दा ५०० मिटर टाढा भएकाले भाइलाई नै गोली लागेको देख्न पाइनँ," रसिलो आँखा बनाउँदै अभिलाखले भन्नुभयो, "एकैचोटि अस्पताल दौडाउँदा भाइ पनि परेको रहेछ भन्ने पछि थाहा पाएँ। सँगै गएको भाइलाई गुमाउनुपऱ्यो।"

अभिलाख र अर्जुनबीच दुई वर्षको मात्रै अन्तर छ। "दाजुभाइभन्दा पनि धेरै साथीजस्तो थियौँ," उहाँ सम्झिनुहुन्छ, "सँगै गेम खेल्ने, सँगै सुत्ने गर्थ्यौँ।" भिडियो गेममा बढी रुचि राख्ने अर्जुन बढीजसो पब्जी खेल्नुहुन्थ्यो। अभिलाखलाई त्यही सम्झना बढी आउँछ। "यही घरको भऱ्याङमा हामी दुबै जना बसेर पब्जी खेल्थ्यौँ," भऱ्याङतिर देखाउँदै उहाँ भन्नुहुन्छ।

आमा जानुकालाई भने खाना खाने बेलामा अर्जुनको धेरै याद आउँछ। "गेममा झुन्डिराख्ने बानी भएकाले उसलाई खाना खाने समय पनि पत्तो हुँदैनथ्यो," उहाँ भन्नुहुन्छ, "कहिलेकाहीँ मै खाना खुवाइदिन्थेँ।" दिनभर साथीभाइसँग रमाएर साँझ घर फर्कँदा अर्जुन 'मम्मी' भन्दै आइपुग्नुहुन्थ्यो। अहिले पनि जानुकालाई यही याद आइरहन्छ। "मम्मी भन्दै आई पो हाल्छ कि भन्ने लाग्छ। राति घरको ढोका बज्दा, कसैको आवाज आउँदा छोरो नै आएजस्तो लाग्छ," अश्रुपूरित आँखामा उहाँ भन्नुहुन्छ, "जे भए पनि मेरो कान्छो छोरो हो नि, मायाले हुर्काएको। कहिले पो बिर्सन सक्छु र।"

जानुका अर्को समस्याबाट पनि गुज्रिरहनुभएको छ। गालामा ट्युमर पलाएकाले चिकित्सकले बेलैमा शल्यक्रिया गर्नुपर्छ भनेका छन्। निजी स्वास्थ्य संस्थामा धेरै खर्च हुने भएकाले सरकारी अस्पताल नै जाने उहाँको विचार छ। "तर पालो आउनै समय लाग्ने रहेछ। समयमा उपचार नगराए कान हुँदै टाउकोसम्म ट्युमर पुग्छ भनेको छ," उहाँ सुनाउनुहुन्छ।

**परिवारमा रिक्तता**

अर्जुनका दाइ अभिलाख पनि वैदेशिक रोजगारीमा जाने सोचमा हुनुहुन्थ्यो। जेनजी आन्दोलपछिको अवस्था र भाइ नै गुमाएपछि उहाँको मनस्थिति बिथोलिएको छ। सरकारले जेनजी सहिदका परिवारलाई रोजगारी दिने आश्वासन दिएकाले केही आशावादी भने देखिनुभएको छ।

सरकारले क्षतिपूर्ति र राहतस्वरूप परिवारलाई रु १५ लाख दिएको छ। अर्जुनको नाम सहिदको सूचीमा नामाङ्कित पनि भएको छ। बुबाको सहारा अनि रित्तिएको आमाको काख कसैले भर्न सक्ने छैन। "मेरो छोरो १५ लाखको थियो त ?" जानुका मलिन आवाजमा बोल्नुहुन्छ, "१५ करोड नै दिए पनि छोरा त फर्किएर आउँदैन नि।"

बुबा चित्रबहादुरको चाहना छ, छोराजस्ता नौजवानले बगाएको रगतले अर्थ राखोस्। उनीहरूको बलिदान खेर नजाओस्। देश बस्नलायक बनोस्। सबैले रोजगारी पाऊन्। कलिलैमा कसैले विदेश जानु नपरोस्। भट्ट परिवारमा यतिबेला यस्तो रिक्तता छाएको छ, जुन कहिले भरिने छैन। बुबा चित्रबहादुरले भनेजस्तै त्यतिबेला मात्रै परिवारले राहतको महसुस गर्नेछ, जतिबेला राज्यबाट भ्रष्टाचार अन्त्य हुनेछ। राजनीतिक बेथिति अन्त्य भई सुशासन स्थापना र रोजगारी सिर्जना हुनेछ।

# एनपिएलले विदेशी खेलाडीबाट सिक्ने मौका मिलेको छः रञ्जित कुमार

काठमाडौँ, १० मङ्सिर (रासस)।

नेपाल प्रिमियर लिग (एनपिएल)मा चितवन राइनोजका रञ्जित कुमारले विदेशी खेलाडीबाट सिक्ने मौका जुरेको बताउनुभएको छ।

आज सम्पन्न खेलमा विराटनगर किङ्सलाई ४८ रनले पराजित गरेपछि रञ्जितले सञ्चारकर्मीसँगको कुराकानीमा यस्तो बताउनुभयो। उहाँले भन्नुभयो, "विदेशी खेलाडीसँग खेल्न पाउँदा हामीले धेरै सिक्ने मौका मिलेको छ। खेल्ने क्रममा केही कमजोरी भए पनि विदेशी खेलाडीले पनि सम्झाउनुहुन्छ। राम्रो सल्लाह दिनुहुन्छ।"

कुमार डेब्यु खेलमै पाँच विकेट लिने पहिलो खेलाडीसमेत बन्नुभएको छ। टोली कप्तान कुशल मल्लले ढुक्कसँग बलिङ गर्न हौसला दिएको बताउँदै उहाँले आफूले पाएको अवसरमा राम्रो गरेर देखाउनुपर्छ भन्ने लागेको प्रतिक्रिया दिनुभयो। कुमारले भन्नुभयो, "मैदानमा आउदादेखि नै आज राम्रो गर्छु भन्ने आत्मविश्वास बढेको थियो। बलिङ मात्रै नभएर फिल्डिङमा पनि राम्रो गर्छु भन्ने विश्वास थियो।"

आज सम्पन्न विराटनगर किङ्ससँगको खेलमा उहाँले चार ओभरमा २१ रन खर्चेर पाँच विकेट हात पार्नुभयो। १९ वर्षीय देब्रे हाते स्पिनर बलर रहेका रञ्जितको उत्कृष्ट प्रदर्शनमा अपराजित विराटनगर किंग्सको यात्रामा ब्रेकसमेत लाग्यो। उहाँ 'प्लेयर अफ दी म्याच' समेत हुनुभयो।

*बाँकी तीन पृष्ठमा*

# द्वन्द्व दोहोरिने विषय धेरै हदसम्म काबुमै राखेका छौंः गृहमन्त्री अर्याल

काठमाडौँ, ११ मङ्सिर (रासस)।

गृहमन्त्री ओमप्रकाश अर्यालले पुनः द्वन्द्व दोहोरिने किसिमका विषय काबुमै राख्न सफल भएको बताउनुभएको छ।

राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आजको बैठकमा उहाँले आगामी प्रतिनिधिसभा निर्वाचनको वातावरण बनाउन सरकारले तीव्र गतिमा काम गरिरहेको बताउनुभयो। "होस्टालिटीको अवस्था निरन्तर नहोस्। देशको विद्यमान कानुन जे छ त्यो शासन मुताबिक यथावत रूपमा चल्नुपर्छ," उहाँले भन्नुभयो, "द्वन्द दोहोरिने कुरा धेरै हदसम्म हामीले अहिले काबु भित्र राखेका छौं।"

उहाँले त्यसका लागि राजनीतिक दल र जेनजी समूहबीच संवाद चलिरहेको जानकारी दिनुभयो। मन्त्री अर्यालले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। उहाँले लुटिएका हतियार र फरार कैदीबन्दीको व्यवस्थापन प्रभावकारी रूपमा भइरहेको जानकारी दिनुभयो।

साथै प्रहरीको मनोबल बढाउने र क्षतिग्रस्त कार्यालयको पुनःनिर्माणमा नागरिक सहयोग प्राप्त भएको उहाँको भनाइ छ। उहाँले जनताले सुरक्षित वातावरणमा मतदान गर्न पाउने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री अर्यालले विभिन्न समूहले विविध माग राखी प्रदर्शन, धर्ना, जुलुस र बिरोधलगायतका कार्यक्रम गरिरहेको गतिविधिको सुक्ष्म निगरानी र समन्वयात्मक रूपमा प्रभावकारी सुरक्षा व्यवस्था मिलाइएको समितिलाई जानकारी दिनुभयो।

"सुरक्षा निकायबाट परिचालन हुने कर्मचारीलाई आवश्यक बन्दोबस्तका सामान खरिद व्यवस्थापन भइरहेको छ," उहाँले भन्नुभयो। उहाँले जेनजी आन्दोलनपश्चात् विकसित घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उच्छृङ्खल गतिविधि भएमा वा समस्या परेमा सोको सहजीकरण गर्न सहायता कक्ष स्थापना गरिएको बताउनुभयो। हेल्प डेस्क नम्बर ९८५१३६०६०३ मा फोन गर्न सकिने बताउनुभयो।

मन्त्री अर्यालले आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै तथा देशको समग्र शान्ति सुरक्षालाई ध्यानमा राखी हालसम्म चार पटक केन्द्रीय सुरक्षा समितिको बैठक बसी निर्वाचन सुरक्षा रणनीति निर्माणलगायतका जम्मा २० वटा निर्णय गरिएको बताउनुभयो। उहाँकाअनुसार आगामी निर्वाचनलाई लक्षित गरी म्यादी प्रहरी भर्ना गर्ने योजना अघि बढाइएको छ।

त्यसैगरी मन्त्री अर्यालकाअनुसार भाद्र २३ र २४ गतेको घटनासँग सम्बन्धित अपराधमा संलग्नमध्ये कुल ५९५ जनालाई पक्राउ गरिएको तथा २८३ जनालाई विभिन्न कसुरमा मुद्दा दर्ता गरिएको छ। अहिलेसम्म ७२३ थान हतियार फिर्ता ल्याइएको उहाँले जानकारी दिनुभयो। कारागार तथा बन्दी गृहबाट फरार भएका १४ हजार ५५४ कैदीबन्दीमध्ये नौ हजार ६९७ लाई फिर्ता ल्याइसकिएको छ। उहाँले बाकी चार हजार ८५७ कैदीबन्दी फिर्ता ल्याउन विशेष 'अपरेसन' सञ्चालन गरिएको उल्लेख गर्नुभयो।

आगामी निर्वाचनको समयमा सेना परिचालनको लागि रक्षा मन्त्रालयमा लेखि पठाइ राष्ट्रिय सुरक्षा परिषद्बाट निर्णयसमेत भइसकेको उहाँले जानकारी दिनुभयो।

निर्वाचनलाई ध्यानमा राख्दै सुरक्षा निकायको सुदृढीकरणका लागि नेपाल प्रहरीतर्फ नियमित बजेटबाट १५६ वटा र थप बजेटबाट १०६ वटा गरी कुल २६२ थान सवारी, सशस्त्र प्रहरीतर्फ नियमित बजेटबाट ५९ वटा र थप बजेटबाट ५० वटा गरी कुल १०९ सवारी र राष्ट्रिय अनुसन्धान विभागतर्फ थप छ वटा सवारी खरिदका लागि स्रोत सुनिश्चित गरी खरिद प्रक्रिया अगाडि बढाइएको उहाँले बताउनुभयो।

### एनपिएलले...

लगातार तीन खेल जितेको विराटनगर आज चौथो खेलमा चितवनसँग पराजित भयो। पराजित भएपछि विराटनगरका प्रशिक्षक धम्पिका प्रसादले ब्याटिङ नचल्दा पराजित हुनुपरेको बताउँदै आगामी खेलमा पुनरागमन गर्ने बताउनुभयो। उहाँले नेपाली क्रिकेटको प्रशंसा गर्दै एनपिएल नवयुवा खेलाडीका लागि राम्रो प्लेटफर्म रहेको धारणा व्यक्त गर्नुभयो।

### दुई...

ईलाका प्रहरी कार्यालय बोदेबरसाईनबाट खटेको संयुक्त प्रहरी टोलीले गाउँघरमै लुकि बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

नकबजनी चोरी मुद्दामा सप्तरी जिल्ला अदालतले मण्डललाई २ महिना ८ दिन कैद र ५ हजार जरिवाना तथा साहलाई २ महिना ८ दिन कैद सजाय हुने फैसला गरेको थियो।

पक्राउ परेका दुवै जनालाई अदालतमा उपस्थित गराउँदा आदेशा अनुसार कैद सजाय भुक्तानका लागि कारागार पठाइएको प्रहरीले जनाएको छ।

### वीरगञ्ज...

गरेको छ। अखेटोपहारमा लाग्ने करतर्फ भने रु पाँच करोड १० लाख राजस्व सङ्कलन गरेको छ। अन्य सेवा शुल्कतर्फ भने रु एक करोड ४९ लाख ८३ हजार राजस्व सङ्कलन गरेको छ। महानगरले विभिन्न २० शीर्षकमा कर उठाउने गर्छ।

### अदालतलाई...

हस्तान्तरण गरिएको जनाए।

अदालतका स्रेस्तेदार श्यामहरि अधिकारीले अदालतलाई कम्प्युटर र प्रिन्टर उपलब्ध गराएकोमा नेपाल सहकारी संस्था लिमिटेडलाई धन्यवाद दिए।

गत भदौ २४ मा जेनजी आन्दोलनको क्रममा सप्तरी जिल्ला अदालतमा पनि तोडफोड र आगजनी भएपछि कम्प्युटर, ल्यापटप, प्रिन्टरलगायत सामग्री जलेर नष्ट हुँदा अदालतको डिजिटल सेवा प्रवाह प्रभावित हुँदै आएको थियो।

### श्रमिक...

हुनुपर्ने बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनु चुनौतीपूर्ण रहेको उल्लेख गर्दै त्यसतर्फ सरोकारवालाले गम्भीर भएर सोच्नुपर्ने बताउनुभयो। सामाजिक सुरक्षा कोषमा जम्मा भएको योगदान रकम उचित क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड दिँदै कोषको सेवा 'डिजिटलाइजेसन' र दायरा विस्तारमा ध्यान दिन आग्रह गर्नुभयो।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को नेपाल निर्देशक नुमान ओज्कानले नेपालमा असल श्रम सम्बन्धको वातावरण बनाउन सङ्गठनले काम गरिरहेको बताउनुभयो। कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले औपचारिक क्षेत्रका छ लाख ४९ हजार ५११, वैदेशिक रोजगारीमा रहेका १९ लाख ९६ हजार ५७९, अनौपचारिक क्षेत्रका ७९९ र स्वरोजगार क्षेत्रका ५८२ श्रमिक योजनामा आबद्ध भइसकेका जानकारी दिनुभयो।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, सार्वजनिक प्रशारण सेवा नेपाल, प्रेस काउन्सिल नेपाल र सामाजिक सुरक्षा कोषबीच मातहतका कर्मचारीलाई सामाजिक सुरक्षामा आबद्ध गराउने बारेमा समझदारी भएको थियो।

कोषका अनुसार बुधबारसम्म साढे २६ लाख नागरिक योगदानमा आधारित सामाजिक सुरक्षाको छाताभित्र समेटिएका छन्। कोषले श्रमिकका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ। उल्लेखित योजनाबाट श्रमिक र तिनका परिवारले विभिन्न सुविधा र सहुलियत प्राप्त गर्दै आइरहेको कोषले जनाएको छ।

कोषमा हालसम्म रु ९५ अर्ब ६८ करोड योगदानमा आधारित रकम सङ्कलन भइसकेको छ। कोषबाट दुई लाख ५३ हजार १४३ श्रमिकले विभिन्न सुविधाबापत रु १७ अर्ब ७२ करोड दाबी भुक्तानी लिएका छन्। कोषले योगदानकर्तालाई स्वास्थ्य सुविधाको अतिरिक्त बचतको ब्याज, निश्चित अवधिपछि मासिक पेन्सन, घर सापटी, शैक्षिक सापटीलगायत सहुलियत प्रदान गर्दै आइरहेको छ।

## विश्व समाचार

### फ्रान्सले स्वैच्छिक सैन्य सेवा पुनःस्थापना गर्ने घोषणा गर्दै म्याक्रोन

पेरिस, ११ मङ्सिर (रासस/एएफपी)।

रुसबाट बढ्दो सुरक्षा जोखिम र युरोपमा नयाँ द्वन्द्व भड्किन सक्ने चिन्ताबीच फ्रान्सले स्वैच्छिक आधारमा सैन्य सेवा पुनःस्थापना गर्ने निर्णय गरेको राष्ट्रपति इमानुएल म्याक्रोनले बिहीबार घोषणा गर्नुभएको छ। करिब तीन दशकअघिको अनिवार्य भर्ना अन्त्यपछि पहिलोपटक फ्रान्सले यस्तो कदम चाल्न लागेको हो।

दक्षिणपूर्वी आल्प्स क्षेत्रमा तैनाथ पैदल सेना ब्रिगेडको भ्रमणपछि निर्धारित १००० जिएमटीको सम्बोधनमा राष्ट्रपति म्याक्रोनले 'राष्ट्रिय सेवालाई नयाँ रूप' दिने योजनाबारे आधिकारिक रूपमा विवरण सार्वजनिक गर्ने बताइएको छ। युक्रेनमाथि रुसले पूर्ण आक्रमण शुरू गरेको साढे तीन वर्षपछि आएको यस घोषणाले फ्रान्स र युरोपका अन्य मुलुकहरूबीच सुरक्षा सतर्कता झनै बढाएको छ।

फ्रान्सका सशस्त्र बलका प्रमुख जनरल फेबियन म्यान्डनले हालै 'फ्रान्स आफ्ना छोराछोरीहरू गुमाउन तयार हुनुपर्छ' भन्ने चेतावनी दिँदै रुस सन् २०३० सम्ममा प्रत्यक्ष टकरावका लागि तयार हुँदैछ भनेपछि घरेलु बहस तीव्र बनेको थियो। राष्ट्रपति म्याक्रोनले भने जनरलका अभिव्यक्तिले युवाहरूलाई अग्रपङ्क्तिमा पठाइने हो कि भन्ने भ्रम सिर्जना गरेको भन्दै त्यस्तो धारणा पूर्णतः गलत भएको दोहोऱ्याउनुभएको छ।

राष्ट्रपतिको कार्यालयका एक अधिकारीका अनुसार नयाँ सेवा पूर्णतः स्वैच्छिक हुनेछ। पहिलो वर्ष दुई हजारदेखि तीन हजार युवालाई तालिम दिने योजना छ भने आगामी वर्षहरूमा वार्षिक ५० हजार जनासम्म विस्तार गर्ने लक्ष्य राखिएको छ। बजेटीय सीमितताका कारण कार्यक्रम चरणबद्ध रूपमा अघि बढाइने बताइएको छ।

युरोपभरि सैन्य सेवाको अभ्यास असमान रहे पनि लाटभिया, लिथुआनिया र डेनमार्कजस्ता देशहरुले हालै सैन्य तयारी कडा पारेका छन्। फ्रान्समा भने अनिवार्य भर्ना पुनः लागू गर्ने कुनै योजना यो समयमा नरहेको पुष्टि गरिएको छ। सन् १९९७ मा तत्कालीन राष्ट्रपति ज्याक सिराकले अनिवार्य भर्ना समाप्त गर्नुभएको थियो।

फ्रान्सेली सेनामा हाल करिब दुई लाख सक्रिय सैनिक र ४७ हजार रिजर्भिस्ट छन्। सन् २०३० सम्ममा यो सङ्ख्या क्रमशः दुई लाख १० हजार र ८० हजार पुऱ्याउने लक्ष्य छ। अधिकारीहरूको भनाइमा स्वैच्छिक सैन्य सेवा नयाँ सैनिक उत्पादन मात्र नभई, आवश्यकता परेमा बोलाइने योग्य ठूलो रिजर्भ बल तयार गर्ने उपाय पनि हो।

जनरल म्यान्डनमाथि लगाइएका युद्धोन्मादका आरोपसम्बन्धी बहस चर्किँदै गइरहेको अवस्थामा फ्रान्सेली नेतृत्वले जनतालाई 'फ्रान्सका युवाहरूलाई युक्रेन पठाइने' भन्ने कुनै योजना नै नभएको आश्वस्त गरिरहेको छ। राष्ट्रपति म्याक्रोनले मङ्गलबार यस्तो भ्रम पूर्ण रूपमा हटाउन आवश्यक रहेको उल्लेख गर्नुभएको थियो।

### भ्रष्टाचारसम्बन्धी तीन मुद्दामा शेख हसिनालाई २१ वर्षको जेल सजाय

ढाका, ११ मङ्सिर (रासस/एएनआई)।

बङ्गलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई ढाकाको एक विशेष अदालतले भ्रष्टाचार तथा षड्यन्त्रसँग सम्बन्धित तीनवटा धोखाधडीका मुद्दामा २१ वर्षको जेल सजाय सुनाएको छ। विशेष न्यायाधीश-५ मोहम्मद अब्दुल्लाह अल मामुनले प्रत्येक मुद्दामा सात-सात वर्षका दरले सजाय तोक्नुभएको हो।

बङ्गलादेशको भ्रष्टाचार विरोधी आयोग (एसिसी) ले गत जनवरीमा शेख हसिना र उहाँको परिवारका सदस्यहरू विरुद्ध ढाकाको पूर्वाचल क्षेत्रमा सरकारी प्लट गैरकानूनी रूपमा बाँडेको गरेको आरोपमा छ वटा छुट्टाछुट्टै मुद्दा दायर गरेको थियो। बाँकी तीन मुद्दाको फैसला आउँदो डिसेम्बर १ मा सुनाइनेछ।

अदालतले शेख हसिनाका छोरा सजीब वाजेद जोयलाई पाँच वर्षको कैद र एक लाख टाका जरिवाना तोकेको छ। त्यस्तै, छोरी साइमा वाजेद पुतुललाई पनि पाँच वर्षको जेल सजाय सुनाइएको छ।

यसअघि बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) ले शेख हसिनालाई सन् २०२४ जुलाईमा सरकार विरोधी आन्दोलन दमनको क्रममा मानवता विरुद्धका अपराध गरेको ठहर गर्दै मृत्युदण्डको सजाय सुनाइसकेको छ। ती घटनामा मानव अधिकार उल्लङ्घन भएको भन्दै आइसिटीले थप कडा कारवाही गरेको थियो।

शेख हसिना र उहाँका परिवारका सदस्यहरू फरार अवस्थामा रहेकाले मुद्दाहरूमा उनीहरूका तर्फबाट वकिल उपस्थित थिएनन्। तथापि, शेख हसिना र उहाँका निकटस्थहरूले विभिन्न भाषण र सार्वजनिक अभिव्यक्तिहरूमार्फत आफूहरू कुनै प्रकारको भ्रष्टाचारमा संलग्न नरहेको दाबी गर्दै आएका छन्।

उता, मानवता विरुद्धका अपराधसम्बन्धी मुद्दामा मृत्युदण्ड सुनाइएकी शेख हसिनाको सुपुर्दगीका लागि बङ्गलादेशको अन्तरिम सरकारले भारतलाई गरेको अनुरोधबारे नयाँदिल्ली हाल अध्ययन र मूल्याङ्कन गरिरहेको भारतीय विदेश मन्त्रालयले जनाएको छ।

साप्ताहिक मिडिया ब्रिफिङमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ढाकाबाट औपचारिक सञ्चार प्राप्त भएको जानकारी दिँदै भारतले बङ्गलादेशको शान्ति, लोकतन्त्र, समावेशीकरण र स्थिरताप्रतिको प्रतिबद्धता कायम राख्दै सबै पक्षसँग आवश्यक संवाद जारी राख्ने बताउनुभयो।

सन् २०२४ जुलाईमा तत्कालीन प्रधानमन्त्री शेख हसिनाविरुद्ध विद्यार्थी नेतृत्वको व्यापक विद्रोह भड्किएको थियो। निरन्तर दबाबपछि उहाँ सन् २०२४ अगस्ट ५ मा देश छाडेर भारतमा शरण लिन पुग्नुभएको थियो। त्यसपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो, जसले हालसम्मका कानूनी तथा राजनीतिक प्रक्रियाहरू अघि बढाइरहेको छ।


## राजविराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### राजविराज, सप्तरी २ नं. प्रदेश नेपाल

प.सं. २०८२/०८३
च.नं. ४२४

मिति :- २०८२/०८/११

**विषय : बोलपत्र स्वीकृत भएको आशय पत्रको सूचना सम्बन्धमा।**

राजविराज नगरपालिका वडा नं. १५ स्थित मुसहर्निया पशु हाट ठेक्का बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नको लागि मिति २०८२ कार्तिक २० गते नेपाल समाचार दैनिक पत्रिकाको प्रकाशित सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन् आएको बोलपत्रदाताहरुको मूल्याङ्कन गर्दा तल उल्लेखित बोलपत्रदाता सारभुत रुपमा प्रभावग्राही अधिकतम बोलकबोल गरेकोले उक्त बोलपत्र स्वीकृतको लागि छनौट भएकोले हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि आशय ७ दिने सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि.नं. | ठेक्का नाम | बोलपत्र दाताको नाम ठेगाना | सकार अंक |
|---|---|---|---|
| १ | वडा नं. १५ स्थित मुसहर्निया पशु हाट सम्झौता मितिदेखि २०८५ असाढ मसान्त सम्मको | रामधनि यादव साविक जि.स.गा.वि.डिवन वडा नं. ०६ हाल तिरहुत गा.पा. ४ | ३३,००,०००। (अक्षरेपी तैतिस लाख मात्र) |

.....................
हरिकिशोर प्रसाद चन्द्रवंशी
प्रमुख प्रशासकीय अधिकृत

# व्यावसायिक तरकारीखेतीबाट वार्षिक १० लाख बचत गर्छन् महतो

बरहथवा (सर्लाही), ११ मङ्सिर (रासस)। सर्लाहीको लालबन्दीलगायत चुरे क्षेत्र तरकारी उत्पादनको उर्वर भूमिका रूपमा परिचित छ। यहाँ उत्पादन भएका तरकारी हरेक दिन काठमाडौँ, चितवन, हेटौँडा, विराटनगरलगायत देशका प्रमुख सहरहरूसम्म पुग्छन्। उत्पादनले सजिलै बजार पाएपछि व्यावसायिक तरकारीखेती गर्ने किसानहरूसमेत बढिरहेका छन्।

जिल्लाको लालबन्दी, हरिवन, बाग्मती, ईश्वरपुर, हरिपुर, चन्द्रनगर, बरहथवालगायत पालिकामा ठूलो क्षेत्रफलमा, आलु, गोलभेँडा, बोडी, भिन्डी, भान्टा, काउली, बन्दा, खोर्सानी, परवललगायत तरकारी उत्पादन हुँदै आएको छ। यसले किसानहरूको आयआर्जनमा समेत ठूलो टेवा पुगेको छ।

लालबन्दी नगरपालिका(१०, हिरापुरका तरकारी किसान सीयाशरण महतो व्यावसायिक तरकारीखेतीबाट मनग्य आम्दानी गर्ने अवस्था रहेको बताउनुहुन्छ। उमेरले ३५ लाग्नुभएका महतोले २० वर्षको उमेरदेखि नै व्यावसायिक तरकारीखेतीमा लागेदेखि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको सुनाउनुभयो। बुवा हजुरबुबाबाट तरकारीखेती गर्न सिकेका महतोले आधुनिक खेती प्रणाली भने आफैँले छ महिने कृषि 'जेटिए' कोर्ष गरेपछि सिक्नुभएको हो। उहाँले मौसमीभन्दा बढी बेमौसमी तरकारीखेती गर्दै आएको र यसले मौसमी खेतीभन्दा १० गुणासम्म बढी आम्दानी हुने उहाँले सुनाउनुभयो।

"हाल चार बिगाहा खेतमा तरकारी गरिरहेको छु। त्यसमध्ये २५ कट्ठामा गोलभेँडा, सात कट्ठामा हरियो सिमी र आठ कट्ठामा भिन्डी लगाएको छु। यस सिजनको अन्तिममा निस्कने गरी १४ कट्ठा खेतमा कविता जातको टमाटर रोप्ने योजनासहित बेर्ना उत्पादन गरिरहेको छु", महतोले भन्नुभयो।

सुरुमा पढाइपछिको फुर्सदको समयमा बुबाआमालाई खेतीमा सघाउने गर्दागर्दै तरकारीखेती गर्न सिकेको उहाँले सुनाउनुभयो। "पहिला बाउबाजेले गरेको देखेरै सिकेको हो," उहाँले भन्नुभयो, "पढाइबाट फुर्सद हुने बित्तिकै आमाबुबाले खेतमा काम लगाउनु हुन्थ्यो। पछि बुबाले एउटा छोराले कम्तीमा जेटिए पढे हुन्थ्यो भन्ने धारणा राख्नुभयो। आफूलाई पनि खेतीपातीतर्फ लगाव बढ्यो यतै लागियो। परिवारसँगै बसेर तरकारी बेचेर विदेशको भन्दा राम्रो आम्दानी भइरहेको छ।"

महतोले तरकारीखेतीबाट भएको आम्दानीबाट दुई वर्ष पहिला मात्र पाँच कट्ठा खेत जोडेको सुनाउनुभयो। "तरकारीखेती मेरो एक मात्र आय आर्जनको माध्यम हो। यसैबाट मैले पाँच कट्ठा खेत जोडेको छु। तरकारी बेचेर महिनाको रु दुई लाखसम्म आम्दानी गरेको अनुभव छ", उहाँले भन्नुभयो, "गत वर्ष 'अफ सिजन'मा सिमी निकाले दुईदेखि तीन हप्तामा रु ६०/७० हजारसम्म भयो। सबै तरकारी बेच्दा महिनाको रु दुई लाखसम्म आम्दानी भयो।"

तरकारी खेतीबाट आफूले वर्षभरिमा मलखाद, बीउबिजन, औषधि, मजदुरी, ढुवानी खर्च सबै कटाएर रु १० लाखसम्म बचत गर्ने गरेको महतोका भनाइ छ। यसमा श्रीमतीले राम्रो सहयोग गरिरहेको उहाँको भनाइ छ। मौसम र मूल्य सधैँ एकनास नरहने भएकाले आम्दानी तलमाथि भइरहने बताउने महतोले यसै कमाईबाट एक छोरा र एक छोरीलाई राम्रो शिक्षा दिनुका साथै परिवारको लालनपालन भइरहेको उल्लेख गर्नुभयो।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार सर्लाहीमा १७ हजार ६६२ परिवारले तीन हजार ८४२ दशमलव सात हेक्टर क्षेत्रफलमा विभिन्न तरकारी खेती गर्दै आएका छन्। यहाँ उत्पादन भएका तरकारी जिल्लाको लालबन्दीस्थित थोक तरकारी तथा कृषिउपज सङ्कलन केन्द्रमा जम्मा गरेर देशका अन्य सहरमा निर्यात हुँदै आएको छ।

# सार्क कार्यक्रम समितिको ६१औँ बैठक सम्पन्न

काठमाडौँ, ११ मङ्सिर : दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को कार्यक्रम समितिको ६१औँ बैठक श्रव्यदृश्यका माध्यमबाट बुधबार सम्पन्न भएको छ।

बैठकको उद्घाटन गर्दै परराष्ट्र मन्त्रालयका सहसचिव तथा कार्यक्रम समितिका अध्यक्ष किरण शाक्यले सार्क यस क्षेत्रको प्रमुख क्षेत्रीय सङ्गठनका रूपमा सदस्य राष्ट्रहरूबीच संवाद, सहकार्य र सामूहिक कदम चाल्नका लागि महत्वपूर्ण मञ्च भएको बताउनुभयो।

यहाँस्थित सार्क सचिवालयका अनुसार त्यस अवसरमा सार्कका महासचिव मोहम्मद गोलाम सरवरले सदस्य राष्ट्रहरूबाट निरन्तर प्राप्त सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समितिको भूमिकाको महत्वको चर्चा गर्नुभयो। साथै उहाँले दक्षिण एसियाली मुलुकहरूको उन्नयनको साझा उद्देश्यका खातिर सार्क स्थापना भएको बताउँदै सामूहिक रूपमा सार्कले धेरै उपलब्धि हासिल गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

बैठकले आगामी वर्षका लागि सार्कका विशेष निकाय तथा क्षेत्रीय केन्द्रहरूको बजेट तथा गतिविधिका वार्षिक तालिकाहरूको समीक्षाका साथै त्यसलाई अन्तिम रूप दिएको छ।

नेपालको अध्यक्षतामा भएको समितिको बैठकमा बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्काका परराष्ट्र मन्त्रालयका सहसचिव सार्कका विशेष निकाय तथा क्षेत्रीय केन्द्रका प्रमुखका साथै सचिवालयका उच्च अधिकारीहरूको सहभागिता थियो।

# पर्यटकको रोजाइमा 'बोराबाध'

धरान (सुनसरी), ११ मङ्सिर (रासस)। यहाँको बराहक्षेत्र नगरपालिका(६ स्थित सप्तकोशी नदी किनारमा रहेको 'बोराबाध' पछिल्लो समय पर्यटकको रोजाइमा पर्न थालेको छ। नदी किनारको मनोरम दृश्य, सूर्यास्तको आकर्षक झल्को तथा 'क्याम्प फायर', रिसोर्ट, 'कफी सप' र खाजा पसल थपिँदै गएपछि यहाँ दैनिक चहलपहलसमेत बढ्दै गएको छ।

व्यवसायी बिकुल श्रेष्ठले केही वर्षअगाडिसम्म सुनसान रहने यो ठाउँमा हाल पर्यटकको चहलपहल बढ्दै गएको बताउनुभयो। उहाँले यही मङ्सिर १ देखि क्याम्प फायरमा सञ्चालनमा ल्याएको र जसमा १० जना कामदार रहेका बताउनुभयो। स्थानीय परिकार, लोकल कुखुराको मासु, सेकुवा, सुकुटी तथा कोशीको ताजा माछा मुख्य रोजाइमा पर्न गरेका श्रेष्ठले बताउनुभयो।

चार वर्ष विदेश बसेर स्वदेश फर्किनुभएका श्रेष्ठले यसअघि दूध डेरी, सफारी सञ्चालन र ग्यारेज व्यवसाय सञ्चालन गर्नुभएको थियो, हाल सबै छोडेर पर्यटन प्रवर्द्धनका लागि क्याम्प फायर सुरु गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँ पर्यटकको सङ्ख्या बढेकाले हाल व्यवसाय निकै राम्रो छ। राति बस्न चाहनेका लागि पनि व्यवस्था मिलाएका छौँ। प्रतिव्यक्ति रु एक हजारमा टेन्ट र सिरक(डस्नासहित सुविधा उपलब्ध छ।"

'बोराबाध' विशेषगरी सप्तकोशी नदीको वार्षिक कटान रोक्न बोरामा सिमेन्ट भरेर बनाइएको छ। यही बाँधका कारण यस स्थानलाई 'बोराबाध' नामले चिनिन थालिएको स्थानीय बताउँछन्। पहिले दुई(तीनवटा रुख मात्र रहेको, गर्मीमा फाटफुट मानिस आउने यस क्षेत्रमा हाल दैनिक धेरै मानिस आउन थालेका छन्। केही समयअघि यहाँ एकवटा चटपटे पसल मात्र थियो, हाल रिसोर्ट, क्याम्प फायर, खाजा पसल र कफी सप गरी आधा दर्जनभन्दा बढी व्यवसाय सञ्चालनमा छन्।

स्थानीय भीषण राईका अनुसार दिउँसो र बिहानभन्दा सूर्य अस्ताउँदा यहाँ पर्यटकको अत्यधिक भीड लाग्छ। दैनिक दुई हजारदेखि दुई हजार ५०० पर्यटक यहाँ आउने गरेका छन् भने त्यो सङ्ख्या शनिबार पाँच हजारभन्दा बढी पुग्ने गरेको छ। "पहिले सूर्य उदाउँदो हेर्न मानिसहरू इलामको श्रीअन्तु पुग्छन् भने भन्ने सुनेका थियौँ, हाल सूर्यास्त हेर्न 'बोराबाध' आउने गर्छन्। सूर्य अस्ताउँदा कोशीमा उज्यालो पर्ने भएकाले तस्बिर र भिडियो खिच्नकै लागि भए पनि यहाँ पर्यटकको भीड लाग्ने गरेको छ", उहाँले भन्नुभयो।

हाल सुनसरीका इटहरी, धरान, इनरुवा साथै मोरङ, झापा र विराटनगरका विभिन्न ठाउँबाट दैनिक रूपमा धेरैजसो पर्यटक आउने गरेका छन्। इटहरीबाट साथीहरूसहित घुम्न आउनुभएकी सरिता श्रेष्ठ भन्नुहुन्छ, "पहिले हामी बराहक्षेत्र घुम्न आउँदा चतरापुल र मन्दिरसम्म पुग्थ्यौँ, हाल बोराबाध मुख्य आकर्षण बनेको छ। साँझपख दिनभरिको भन्दा धेरै रमाइलो हुन्छ। सूर्यास्तमा कोशीमा फोकस पर्छ। फोटो खिच्नकै लागि भए पनि हप्तामा दुई(तीनपटक आउँछौँ।"

प्राकृतिक सौन्दर्य, सूर्यास्तको मनमोहक दृश्य, कोशी किनारको खुला भू(दृश्य, क्याम्प फायरको आकर्षण र स्थानीय खानाका कारण 'बोराबाध' पर्यटकका लागि नयाँ गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। यसले स्थानीयस्तरमा रोजगार, व्यवसाय वृद्धि र आयमा सकारात्मक प्रभाव पारिरहेकाले थप पूर्वाधार विकास गरी लाभ लिनुपर्ने स्थानीयको माग छ।

# वार्षिक चार हजार १९२ टन मह उत्पादन : अध्ययन प्रतिवेदन

नारायणगढ (चितवन), ११ मङ्सिर (रासस)। नेपाल मौरीपालक महासङ्घले देशभर व्यवसायिक रूपमा पालिएका मेलिफेरा मौरीको संख्या र मह उत्पादनको तथ्याङ्क सार्वजनिक गरेको छ। महासङ्घका अनुसार हाल दुई हजार १७५ व्यवसायिक कृषकले एक लाख १५ हजार १८३ गोला मौरी पाल्दै छन् र वार्षिक चार हजार १९२ टन मह उत्पादन भइरहेको छ।

बिहीवार भरतपुरमा पत्रकार सम्मेलन गरी महासङ्घले सोको तथ्याङ्क सार्वजनिक गरेको हो। महासङ्घले हालको बहुराष्ट्रिय कम्पनीलाई कोटा स्वरूप मह आयात गर्न दिने निर्णयको विरोध गर्दै आएको छ। महासङ्घका निवर्तमान अध्यक्ष शिवप्रसाद शर्मा पौडेलका अनुसार कृषि तथा पशुपक्षी मन्त्रालयमा २०८२/०६/२७ गते मन्त्रीको अध्यक्षतामा बसेको बैठकले बहुराष्ट्रिय कम्पनीलाई कोटा स्वरूप मह आयात गर्न दिने निर्णय गरेपछि महासङ्घ अन्तर्गतका कृषक आन्दोलनरत भएका छन्। पौडेलले भन्नुभयो, "फूल बिरुवाको अवस्थाअनुसार नेपालको क्षमताअनुसार ३० हजार मेट्रिकटन मह उत्पादन गर्न सकिन्छ। तर हाल मेलिफेरा र सेरेनाको मह जोड्दा मात्र ६ हजार मेट्रिकटन उत्पादन हुन्छ। बजारीकरणमा समस्या देखिएकाले कम्तिमा आधा नेपाली मह नेपाली किसानबाट किन्नु पर्नेछ।"

उहाँले सरकारलाई मह र मौरी उत्पादनमा उचित अनुदान र व्यवस्थापनको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो। लागत बढी भएकाले नेपाली मह महँगो हुँदा, विदेशी मह सस्तो हुनु किसानका लागि चुनौतीपूर्ण रहेको बताउनुभयो। आयातित महको स्रोत र गुणस्तर पनि मापन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सो अवसरमा महासङ्घका महासचिव सालिकराम बानियाले सरकारलाई मह र मौरीको तथ्याङ्क उपलब्ध गराइएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "किसानको मह उत्पादन सुरु हुन लागेको अवस्थामा गत वर्षको डाटा प्रस्तुत गरिएको हो। यो वर्ष उत्पादन अझ बढ्ने अनुमान गरेका छौँ।"

क्षेत्रगत उत्पादनको विवरणअनुसार, चितवनमा ३१८ कृषकले २६ हजार ७५० गोला मौरीबाट एक हजार ७० टन मह उत्पादन गर्ने छन् भने दाङमा ३५० कृषकले २६ हजार गोला मौरीबाट एक हजार ४० टन मह उत्पादन गर्ने अनुमान छ। मोरङमा ३०० कृषकले ६ हजार ५०० गोला मौरीबाट २२६ टन, झापामा ५०० कृषकले आठ हजार गोला मौरीबाट २८० टन मह उत्पादन गर्ने अनुमान गरिएको छ। अन्य मह उत्पादन हुने जिल्लामा प्युठान, सर्लाही, मकवानपुर, कपिलवस्तुलगायतका क्षेत्र पर्दछन्।

देशका ३० भन्दा बढी जिल्लामा व्यवसायिक मौरीपालन हुँदै आएको र १० गोलाभन्दा माथि मौरी पाल्ने कृषक मात्र महासङ्घमा दर्ता भएको छन्। तर १० गोलाभन्दा कम मौरी पाल्ने कृषक धेरै छन्। साथै, रैथाने सेरेना र अन्य मौरीको तथ्याङ्क पनि निकट भविष्यमा सङ्कलन गरी सार्वजनिक गरिने योजना रहेको महासङ्घले जनाएको छ। पत्रकार सम्मेलनमा महासङ्घका वरिष्ठ उपाध्यक्ष पदमप्रसाद अमगाई, पूर्वअध्यक्ष रामप्रसाद पौडेललगायत किसानको सहभागिता रहेको थियो।

# वीरगञ्जबाट ३३ अर्ब २१ करोडका उत्पादन निर्यात

वीरगञ्ज (पर्सा), ११ मङ्सिर (रासस)। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको प्रथम चार महिनामा रु ३३ अर्ब २१ करोड बराबरका उत्पादन निर्यात भएका छन्।

गत आवको सोही अवधिमा रु १३ अर्ब ६४ करोड मूल्य बराबरका उत्पादन निर्यात भएका थिए।

वीरगञ्ज भन्सारका प्रमुख विष्णुप्रसाद ज्ञवालीका अनुसार रु १७ अर्ब ३२ करोडको भटमासको तेल र रु दुई अर्ब ६० करोड बराबरको फलफूलको जुस निर्यात भएको छ।




प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np